## नागरिक लगानी कोषको कार्यकारी निर्देशकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७५

नागरिक लगानी कोषको रिक्त कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि नागरिक लगानी कोषको कार्यकारी निर्देशक छनौट तथा सिफारिस समितिले यो कार्यविधि बनाएको छ ।

**१. दरखास्त आव्हानः**

नागरिक लगानी कोषको रिक्त कार्यकारी निर्देशक पदमा पदपूर्तिका लागि १५(पन्ध्र) दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा दुई पटक अनुसूची -१ बमोजिमको सूचना प्रकाशित गरिनेछ ।

**२. योग्यता तथा अनुभवः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, आर्थिक, बैङ्किंग, वित्तीय, वाणिज्य वा कानून विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी उद्योग, वाणिज्य, पूँजी बजार वा बैङ्किंग क्षेत्रका संस्थाको कम्तीमा व्यवस्थापकीय तह (नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी, सार्वजनिक निकायको दशौं तह वा सो सरहसम्मको जिम्मेवारी लिई सकेको) वा निजी क्षेत्रको पूँजी बजार सम्बन्धी संस्थाहरुको व्यवस्थापकीय तहमा कम्तीमा १५ (पन्ध्र) वर्षको कार्यानुभव प्राप्त गरेको ।

ख) नागरिक लगानी कोष ऐन, २०४७ को दफा २६ बमोजिमको अयोग्यता नभएको ।

ग) तीस वर्ष पुरा भई पैंसठ्ठी वर्ष उमेर ननाघेको (पैंसठ्ठी वर्ष उमेर पूरा भएमा स्वतः अवकाश हुने) ।

**३. दरखास्तसाथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नु पर्ने कागजात तथा विवरणहरूः**

क) शैक्षिक योग्यता, कार्यानुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरणको प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ ।

ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा कार्यानुभवको प्रतिलिपिहरू स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना तयार गरी चार प्रति पेश गर्नु पर्नेछ ।

घ) प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्तसाथ पेश गरेका अन्य कागजातहरूको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

ङ) आवेदकले दरखास्त साथ यस पदको प्रतियोगितामा भाग लिन सेवारत निकायबाट विभागिय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ ।

**४. दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछः**

क) कुनै राजनीतिक दलको सदस्य नभएको ।

ख) नागरिक लगानी कोषसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोवारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कोषसँग निजी स्वार्थ नभएको ।

ग) आफ्नो नाममा व्यक्तिगत बेरुजू बाँकी नरहेको ।

घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको ।

ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको ।

च) नियतवश बैङ्क तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालो सूचीमा नपरेको ।

छ) विदेशी मुलुकको स्थायी वसोवासको अनुमति प्राप्त नगरेको ।

**५. कार्यकारी निर्देशकका लागि तोकिएको काम, कर्तव्य र अधिकारः**

कार्यकारी निर्देशकको लागि नागरिक लगानी कोष ऐन, २०४७ को परिच्छेद ५ र ७ मा तोकिए लगायतका काम, कर्तव्य र अधिकार हुनेछन् ।

**६. व्यावसायिक कार्ययोजना पेश गर्नु पर्नेः**

१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना कार्यकारी निर्देशकका लागि तोकिएबमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरू समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछः

क) नागरिक लगानी कोषको बारेमा जानकारी उल्लेख भएको विवरण ।

ख) कोषको विद्यमान अवस्थाको पहिचान र विश्लेषण ।

ग) कोषको सवल पक्ष, दुर्वल पक्ष एवं अवसर र चुनौतीहरूको विश्लेषण ।

घ) रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण ।

ङ) कोषको कोष व्यवस्थापन लगायतका काम कर्तब्य सम्पादनमा जोखिम व्यवस्थापनका साथै उत्पादकत्व अभिवृद्धि, व्यवसाय विस्तार र क्षमता अभिवृद्धि, संस्थागत सुधार एवं सुशासन, मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, लेखा विवरण तथा लेखा परीक्षण सम्बन्धी नियमितता र अद्यावधिकता, प्रशासनिक शिरोभार खर्च नियन्त्रण, वित्तीय व्यवस्थापन तथा नियन्त्रण, श्रोत परिचालन र उपयोगमा कुशलता, प्रतिस्पर्धात्मकता अभिबृद्धि, कोषको अपेक्षित स्वरूप, प्राथमिकता र कार्यान्वयन पक्ष, नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका नीति तथा कार्यक्रमहरूको सञ्चालन, कोषको पारदर्शिता, स्वच्छता, नियमितता, व्यावसायिकता, विश्वसनीयताको सुनिश्चितता, अनुगमन, मूल्यांकन तथा परिपालनको प्रभावकारिताको लागि आवश्यक कदमहरू समेत समावेश भएको समय–सारिणी सहितको व्यावसायिक कार्ययोजना ।

च) व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक भाषामा **A4 Size** को कागजमा तयार पर्नु पर्नेछ । अंग्रेजी भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको मूल शिर्षक १६ प्वाइण्ट बोल्डमा, उपशिर्षक १४ प्वाइण्ट बोल्डमा

र अन्तर-वस्तु (**Text**) १२ प्वाइण्ट नर्मलमा तथा नेपाली भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको मूल शिर्षक १८ प्वाइण्ट बोल्डमा, उपशिर्षक १६ प्वाइण्ट बोल्डमा र अन्तर्वस्तु १६ प्वाइण्ट नर्मलमा हुनु पर्नेछ ।

छ) व्यावसायिक कार्ययोजनाको मूल अन्तर-वस्तुको पहिलो पृष्ठमा पृष्ठ १(**1**) टाइप गरी सो पछिका पृष्ठहरुमा क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ ।

ज) व्यावसायिक कार्ययोजनाको अनुसूचीमा संलग्न पृष्ठहरुमा रोमन **“i”** देखि शुरु हुने गरी क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ ।

२) तयार पारिएको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा छनौट सूचीमा परेका उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नु पर्नेछ । प्रस्तुतीकरणका लागि ४० (चालिस) मिनेट समय प्रदान गरिनेछ ।

**७. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्क भारः**

उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार र सो को वर्गीकरण तपसिल बमोजिम कायम हुनेछ ।

| | | |
|---|---|---|
| १) | शैक्षिक योग्यता, अनुभव र तालिम– | ५० अङ्क |
| २) | व्यावसायिक कार्ययोजना – | ४० अङ्क |
| ३) | प्रस्तुतीकरण – | ४० अङ्क |
| ४) | अन्तर्वार्ता – | २० अङ्क |
| | पूर्णाङ्क – | १५० अङ्क |

**१. उम्मेदवारको शैक्षिक योग्यता तथा तालिम - २५**

क) शैक्षिक योग्यता - २०

| स्नातकोत्तरः | अङ्क बाँडफाड |
|---|---|
| प्रथम श्रेणी | १८ |
| द्वितीय श्रेणी | १६ |
| तृतीय श्रेणी | १४ |
| विद्यावारिधी (थप) | २ |

**ख) तालिम - ५**

(वित्तीय र व्यवस्थापन क्षेत्रसँग सम्बन्धित व्यवस्थापकीय तहको लगातार ३० (तीस) कार्य दिन वा सो भन्दा बढीको)

प्रथम श्रेणी ५

द्वितीय श्रेणी ३

तृतीय श्रेणी २

(श्रेणी नखुलेको हकमा द्वितीय श्रेणी सरहको अङ्क प्रदान गरिनेछ ।)

**ग) सम्बन्धित क्षेत्रको कार्य अनुभव** - **२५**

(व्यवस्थापकीय तहको मात्र)

१५ - २० वर्ष -२३

२० वर्षभन्दा माथि -२५

२. **व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधारः** -४०

क) संस्थाको यथार्थ अवस्था बारेको जानकारी - ४

ख) स्पष्ट धारणा - ४

ग) विश्लेषण तथा तार्किकता -१०

घ) सृजनशिलता, नेतृत्व र संयोजन - ४

ङ) समस्याको पहिचान र सुधारको लागि सुझाव - १०

च) प्राथमिकता र कार्यान्वयन पक्ष -४

छ) कार्य योजनाको ढांचा र लेखन शैली -४

३. **व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधारः** - ४०

क) प्रस्तुतीकरण -१०

ख) प्रस्तुतीको ढांचा र विधि -५

ग) स्पष्ट धारणा -५

घ) आत्मविश्वास -५

ङ) क्रिया प्रतिक्रियामा दक्षता (अन्तरक्रिया) -५

च) विषय - वस्तुको सान्दर्भिकता र विश्वसनीयता -५

छ) समयको व्यवस्थापन -५

४. **अन्तर्वार्तामा मूल्याङ्कनको आधारः** -२०

क) व्यक्तित्व -३

ख) विषय वस्तुको ज्ञान -५

ग) सृजनशील क्षमता -४

घ) उठाईएका विषय सम्बोधन गर्ने क्षमता -४

ङ) संस्थागत अपेक्षा, संस्थाप्रतिको प्रतिवद्धता -४

८. **छनौटका आधार एवं प्रक्रियाः**

मूल्याङ्कन अङ्क तालिका (छनौटको आधार) दफा ७ मा उल्लेख भएअनुसार हुनेछ । यसका लागि निम्नबमोजिमको प्रक्रिया अपनाइनेछ:

१) उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको व्यावसायिक कार्ययोजनाको परीक्षणबाट प्राप्त अंङ्कको प्राथमिकताको आधारमा उम्मेदवारहरू मध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारलाई छनौट गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

२) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरू मध्ये शैक्षिक योग्यता, तालिम, अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको अङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने सम्भव भएसम्म तीनजनालाई कार्यकारी निर्देशक नियुक्तिका लागि नेपाल सरकार समक्ष वर्णानुक्रमानुसार सिफारिस गरिनेछ ।

३) तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरूलाई यथावत राखी थप आवेदनको लागि ७ (सात) दिनको म्याद दिई पुनः दरखास्त आव्हान गरिनेछ ।

४) पुनः दरखास्त आव्हान गर्दा उम्मेदवारको आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडि बढाउन सकिनेछ ।

**९. व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण एवं अन्तर्वार्ता परीक्षणसम्बन्धी अन्य व्यवस्थाः**

१) व्यावसायिक कार्ययोजनाको परीक्षण छनौट तथा सिफारिस समितिले गर्नेछ । समितिले आवश्यकतानुसार विज्ञहरूलाई आमन्त्रित गरी सहयोग लिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त अङ्कको आधारमा औसत अङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्क गणना गरिनेछ ।

**१०. अन्यः**

१) अनुसूची १ बमोजिम प्रकाशित सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी कुनै पनि समयमा रद्द गर्न सक्नेछ ।

२) नागरिक लगानी कोषको कार्यकारी निर्देशक छनौट तथा सिफारिस समितिको सचिवालयको काम अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाले गर्नेछ ।